आज मिति २०८३/०३/०८ गते यस मल्लरानी गाउँ कार्यपालिकाको आ.व २०८२/०८३ को सोहौं बैठक गाउँपालिका अध्यक्ष श्री कृष्ण बहादुर खड्काज्यू को अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहाएका प्रस्तावहरुमा छलफल तथा निर्णय गरियो ।

तपसिल

| क्र.सं | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | कृष्ण वहादुर खड्का | गा पा अध्यक्ष | |
| २. | रमेश कुमार श्रेष्ठ | गा पा उपाध्यक्ष | |
| ३. | चिन्ता वहादुर राहुँ | अध्यक्ष वडा नं १ | |
| ४. | लेख बहादुर थापा | अध्यक्ष वडा नं २ | |
| ५. | नोमराज पौडेल | अध्यक्ष वडा नं ३ | |
| ६. | कुमार श्रेष्ठ | अध्यक्ष वडा नं ४ | |
| ७. | गोपाल वहादुर थापा | अध्यक्ष वडा नं ५ | |
| ८. | सुर्य बहादुर सार्की | कार्यपालिका सदस्य | |
| ९. | तेजमान दमाई | कार्यपालिका सदस्य | |
| १०. | सिता पुन | कार्यपालिका सदस्य | |
| ११. | सुमित्रा वि.क. | कार्यपालिका सदस्य | |
| १२. | उजेली वि.क. | कार्यपालिका सदस्य | |
| १३. | हिमा कुमारी बुढाथोकी क्षेत्री | कार्यपालिका सदस्य | |
| १४. | विजय पौडेल | सचिव | |
| | | **आमन्त्रित** | |
| १५. | वन्दना शाक्य | प्र. प्रशासकीय अधिकृत | |
| १६. | | | |

बैठक संख्या: १६

मितिः २०८३/०३/०८

ने.स.११४६ तछलाथ्व अष्टमी, सोमवार

**मिति २०८३/०३/०८ गतेको सोहौं गाउँकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु:**

| क्र सं | प्रस्तावको विषय | निर्ण य हुनुपर्ने विषय | कैफियत |
|---|---|---|---|
| (१) | आ.व २०८२/०८३ को पन्ध्रौं गाउँकार्यपालिका बैठकको समिक्षा सम्वन्धमा। | • आ.व २०८२/०८३ को पन्ध्रौ गाउँकार्यपालिका बैठकको समिक्षा गर्ने। | |
| (२) | आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम सम्वन्धमा । | • आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम स्वीकृतीका लागि सभामा पेश गर्ने । | |
| (३) | रोजगार सम्वाद मञ्चको सञ्चालन तथा व्यवस्थापन कार्यविधि स्वीकृत सम्वन्धमा । | • मल्लरानी गाउँपालिकाको रोजगार सम्वाद मञ्चको सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८३ स्वीकृत गर्ने । | |
| (४) | आर्थिक सहयोग सम्वन्धमा । | तपसिलका विविध समसामयिक विषयमा छलफल<br>• आर्थिक सहयोग उपलब्ध गराउने सम्वन्धी | |
| (५) | | • | |

निर्णयहरु:

१) आ.व. ०८२/८३ को कार्यपालिकाको मिति २०८३/०३/२८ मा वसेको चौधौं कार्यपालिका बैठकको निर्णयहरुको समिक्षा गरियो । कार्यान्वयन हुन वाँकी रहेका निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

२) मल्लरानी गाउँपालिकाको आ.व.०८३/८४ को लागि विभिन्न ५ वटा (आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन, वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकास) विषयगत समितिहरुवाट प्राप्त भएको वार्षिक नीति तथा कार्यक्रमका वुँदाहरु समेत समावेश गरि नीति तथा कार्यक्रम मस्यौदा समितिवाट तयार भई कार्यपालिकामा पेश भएको मल्लरानी गाउँपालिकाको आ.व.२०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम सभामा पेश गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

मल्लरानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बल्ली, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

बैठक संख्याः १६
मितिः २०८३/०३/०८
ने.स.११४६ तछलाथ्व अष्टमी, सोमवार

(३) अल्पकालिन सेवा केन्द्रका लागि आवश्यक विभिन्न सामग्रीहरु खरिदमा अपुग भएको रु २५०७४। लक्षित वर्ग अन्तर्गतको पालिका स्तरीय जेष्ठनागरिक मिलन केन्द्र व्यवस्थापन तथा सञ्चालन शिर्षकवाट उपलब्ध गराउने निर्णय गरियो ।

(४) मल्लरानी गाउँपालिकाको रोजगार सम्वाद मञ्चको सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

(५) मल्लरानी गाउँपालिकाको गाउँ शिक्षा योजना २०८२/०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

(६) मल्लरानी गाउँपालिका आ.व.०८२/८३ को स्वीकृत कार्यक्रम अनुसार बुकेनी खोपकेन्द्र भवन निर्माणमा रु ५ लाख विनियोजन भएको र अध्यक्ष विशेष कोष तर्फ महिला सामुदायिक भवन मा रु १ लाख विनियोजन भएकोमा बुकेनी खोपकेन्द्रमा अपुग भएको रकम महिला सामुदायकि भवन शिर्षकमा विनियोजन भएको रकमवाट (रु १ लाख) भुक्तानी गर्ने निर्णय गरियो ।

(७) प्यूठान उद्योग वाणिज्य संघको अगुवाईमा जिल्ला प्रशासन कार्यालय प्यूठान अगाडिको पर्खालमा मल्लरानी गाउँपालिका अन्तरगतको धार्मिक पर्यटकीय स्थल झाक्रिस्थान र पर्यटकीय क्षेत्र मल्लरानीको भित्ते चित्र निर्माणमा भएको खर्च रु ४०,०००।विविध खर्च शिर्षकवाट उपलब्ध गराउने निर्णय गरियो ।

(८) मल्लरानी गाउँपालिका वडा नं ४ को वडा कार्यालय प्रयोजनको लागि विद्युत लाइन जडान भएकोमा मिति २०८३/०३/०३ गते सम्मको रु १,०२,४७६।नेपाल विद्युत प्राधिकरणलाई पानी तथा विजुली स्वास्थ्य संस्था समेत शिर्षकवाट भुक्तानि दिने निर्णय गरियो ।

(९) मल्लरानी गाउँपालिकाको आ.व.०८२/८३ को स्वीकृत कार्यक्रम अनुसार कर्मचारी तालिम शिर्षकमा विनियोजित रु ३ लाख मध्येवाट अन्य सहायता शिर्षकमा रु २ लाख रकमान्तर गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

मल्लरानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बल्खा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल



CamScanner